नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

# स्थानीय पूर्वाधार विकास विभाग

## सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

सूचना नं. - DoLID/Auction/01/2082-83

प्रथम पटक प्रकाशित मिति २०८३।०३।०५

यस विभागमा रहेका तपशिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र (मिति २०८३।०३।१२ दिनको १२ बजे सम्म) लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु.११,३३२।- नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ।

(१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण

| क्र.सं. | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसामान | परिमाण संख्या | न्यूनतम मूल्य |
|---|---|---|---|
| १. | विद्युतिय कम्प्यूटर तथा सूचना प्रविधि संग सम्बन्धित सामानहरु | ९० | रु.२१२४१४।- |
| २. | फर्निचर तथा फिक्स्चर्स | ३४ | रु.१३७६८।- |
| ३. | अन्य मेसिनरी औजार | ९ | रु.४४०।- |
| | जम्मा कायम न्यूनतम मूल्य | | रु.२२६६२२।- |

(२) लिलाम बढाबढ हुने स्थान समय र मितिः-

(क) स्थान- विभागको कार्यालय श्रीमहल, पुल्चोक, ललितपुर। (ख) मिति- २०८३/०३/१२

(ग) समय- दिउसो १:०० बजे।

(३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम विक्री मूल्यवाट सुरु हुनेछ।

(४) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु.२२६६२२।- को ५% ले हुने रु.११३३२।- नगद धरौटी राख्नुपर्नेछ।

(५) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिवाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउदै जानु पर्नेछ।

(६) लिलाम बढाबढ हुने सम्पति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११.०० बजेदेखि २.०० बजेसम्म स्थानीय पूर्वाधार विकास विभाग, पुल्चोकमा सम्पर्क गरी हेर्न सकिनेछ।

(७) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले १५ दिनभित्र उठाई लैजानु पर्नेछ।

(८) लिलाम बढाबढ हुने दिन सार्बजनिक विदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थानमा लिलाम बढाबढ हुनेछ।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय स्थानीय पूर्वाधार विकास विभाग श्रीमहल पुल्चोक, ललितपुर

२०८३/०३/०५